छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २८ • अंक १५५ • २०८३ साल कार्तिक १२ गते विहीबार (29 October, Thursday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्


## मधेशमा वन कर्मचारीको सरुवा पारदर्शी बनाउन माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा वन कर्मचारीको सरुवा प्रक्रिया पारदर्शी र निष्पक्ष बनाउन माग गर्दै चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले समायोजनपछि सरुवा हुन बाँकी रहेका कर्मचारीलाई तत्काल अर्को जिल्लामा सरुवा गर्न माग गरेको छ।

अभियानले वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशमा ज्ञापनपत्र बुझाउँदै सरुवामा समान मापदण्ड लागू गर्न र राजनीतिक तथा व्यक्तिगत स्वार्थका आधारमा सरुवा रोक्ने प्रवृत्ति अन्त्य गर्न आग्रह गरेको छ।

ज्ञापनपत्रमा वन रक्षक तहसम्मका केही कर्मचारीको सरुवालाई सकारात्मक मानिए पनि समायोजनपछि विभिन्न पदमा कार्यरत अन्य कर्मचारीको सरुवा अपारदर्शी ढंगले रोकिएको आरोप लगाइएको छ। मन्त्रालयले निर्धारण गरेका आधिकारिक मापदण्ड कार्यान्वयन नगरी कर्मचारीबीच विभेद गरिएको अभियानको भनाइ छ।

अभियानले सरुवा रोक्नुको कारण र त्यसका लागि अपनाइएको मापदण्ड सार्वजनिक गर्न माग गरेको छ। एउटै कार्यक्षेत्र वा जिल्लामा लामो समयदेखि कार्यरत कर्मचारीलाई अनिवार्य रूपमा अर्को जिल्लामा सरुवा गर्ने तथा सरुवा प्रक्रियामा देखिएका त्रुटि सच्याउन पनि आग्रह गरेको छ।

त्यस्तै, महिला तथा नवप्रवेशी कर्मचारीमाथि हुने भनिएको विभेद र उत्पीडन अन्त्य गरी समान अवसर, स्वाभिमान र कार्यसुरक्षा सुनिश्चित गर्न माग गरिएको छ। स्थानीय स्वार्थ समूह तथा माफियासँगको मिलेमतोका कारण सरुवा प्रक्रिया प्रभावित भएको र सरुवा गरिएका कर्मचारीलाई पुनः साविककै कार्यालय वा जिल्लामा पदस्थापन गर्ने प्रवृत्तिले प्रशासनिक निष्पक्षतामाथि प्रश्न उठाएको अभियानको आरोप छ।

आफ्ना माग सम्बोधन नभए सार्वजनिक भण्डाफोरसहित आन्दोलनमा उत्रिने चेतावनीसमेत अभियानले दिएको छ।

यता, वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका सचिव राजिव कुमार झाले सरुवा हुन बाँकी कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहमति लिएर सरुवा गरिने बताए।

सरुवा भइसकेका कर्मचारीले तोकिएको कार्यस्थलमा जानुपर्ने उल्लेख गर्दै उनले अटेर गर्ने कर्मचारीलाई कारबाहीको प्रक्रियामा ल्याइने चेतावनी दिए।

### दुई खेमामा कांग्रेस

## देउवा पक्ष जिल्ला अधिवेशनमा सक्रिय, गगन नेतृत्वको कांग्रेस संगठन सुदृढीकरणमा व्यस्त

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसभित्रको आन्तरिक विवाद नेतृत्वको प्रतिस्पर्धामा मात्र सीमित नरही पार्टीको आधिकारिकता, महाधिवेशनको वैधानिकता र संगठनमाथिको नियन्त्रणको संघर्षका रूपमा जिल्ला तहसम्म विस्तार भएको छ। गगन कुमार थापा नेतृत्वको कांग्रेसले महाधिवेशनबाट नयाँ नेतृत्व चयन गरिसकेको अवस्थामा निवर्तमान सभापति शेरबहादुर देउवा पक्ष भने समानान्तर महाधिवेशनको तयारी गर्दै संगठन विस्तारमा सक्रिय देखिएका छन्।



देउवा पक्षले हालसम्म १० जिल्लामा अधिवेशन गरी जिल्ला सभापतिसहित पदाधिकारी चयन गरेको विवरण सार्वजनिक भएको छ। एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका जिल्लालाई प्राथमिकता दिँदै सहमतिका आधारमा नेतृत्व चयन गरेको यस समूहले पार्टीको आधिकारिकतासम्बन्धी विवाद अदालतमा विचाराधीन रहेकै बेला तल्लो तहबाट आफ्नो संगठनात्मक आधार बलियो बनाउन खोजेको छ।

### जिल्ला अधिवेशनबाट संगठन बलियो बनाउने रणनीति

देउवा पक्षले संखुवासभामा रामकुमार जिमी, डोल्पामा देउप्रसाद बुढा, हुम्लामा सूर्यबहादुर शाही, जुम्लामा नेत्रकला शाही, मुगुमा तिलक मल्ल, रुकुम पश्चिममा नन्दबहादुर विष्ट, कालिकोटमा नगेन्द्र विष्ट, डोटीमा बाजीसिंह खड्का, बैतडीमा वीरबहादुर विष्ट र रोल्पामा मानबहादुर खत्रीलाई जिल्ला सभापति चयन गरेको छ।

जिल्ला तहमा नेतृत्व चयन गर्नु देउवा पक्षका लागि संगठनात्मक प्रक्रिया पूरा गरी दीर्घकालीन रुपमा कांग्रेसलाई जिवन्त बनाउने रुपमा लिइएको देउवा पक्षधर बताउँछन्। यसले आफ्नो राजनीतिक प्रभाव कायम रहेको सन्देश दिनुका साथै प्रस्तावित समानान्तर महाधिवेशनका लागि प्रतिनिधि र संगठनको आधार तयार गर्ने उद्देश्य राखेको देखिन्छ।

यस समूहले पूर्वमहामन्त्री शशांक कोइरालालाई महाधिवेशन तयारी समितिको संयोजक बनाएको छ। उसको कार्यतालिकाअनुसार कार्तिक १५ गतेसम्म जिल्ला अधिवेशन, मंसिर ४ गते प्रदेश अधिवेशन र मंसिर २१ देखि २३ गतेसम्म काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने योजना छ।

गगन कुमार थापा नेतृत्वको कांग्रेससामु नयाँ नेतृत्वको औचित्य पुष्टि गर्दै पार्टीलाई नीतिगत, संगठनात्मक र पुस्तागत रूपमा पुनर्संरचना गर्ने चुनौती छ। युवा नेतृत्वप्रतिको अपेक्षालाई परिणाममा बदल्नु, निर्णय प्रक्रियालाई पारदर्शी बनाउनु र कार्यकर्तालाई न्यायपूर्ण अवसर दिनु नयाँ नेतृत्वका प्राथमिकता हुनुपर्छ।

तर नेतृत्व परिवर्तन हुँदैमा पुरानो शक्ति संरचना स्वतः समाप्त हुँदैन। कांग्रेसमा लामो समयदेखि प्रभावशाली रहेका नेताहरूको संगठनात्मक सञ्जाल र जिल्ला तहसम्मको सम्बन्धलाई बेवास्ता गर्दा पार्टीलाई एकताबद्ध बनाउन कठिन हुन सक्छ।

त्यसैले थापा नेतृत्वले पुरानो नेतृत्वसँग असन्तुष्ट कार्यकर्तालाई मात्र नभइ देउवा पक्षमा रहेका नेता तथा कार्यकर्तालाई समेत मूल प्रवाहमा समेट्ने वातावरण बनाउनुपर्नेछ। नेतृत्व परिवर्तनलाई व्यक्ति परिवर्तनमा सीमित नराखी पार्टीको कार्यशैली र राजनीतिक संस्कृतिमा सुधार गर्न सके मात्र संगठनप्रति नयाँ विश्वास स्थापित हुन सक्छ।

### आधिकारिकताको विवादले बढाएको अन्योल

देउवा पक्षले पुरानो केन्द्रीय कार्यसमिति नै वैधानिक रहेको दाबी गर्दै समानान्तर अधिवेशनमार्फत आफ्नो राजनीतिक दाबीलाई संगठनात्मक आधार दिन खोजेको छ। तर जिल्ला तहमा नेतृत्व चयन हुँदैमा पार्टीको आधिकारिकतासम्बन्धी विवाद समाधान हुने छैन। निर्वाचित नेतृत्वले कति कार्यकर्ता र महाधिवेशन प्रतिनिधिको समर्थन जुटाउँछ भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण हुनेछ।

पार्टीको नाम, चुनाव चिह्न, आधिकारिक नेतृत्व र संगठनात्मक संरचनासम्बन्धी विवादको निरूपणमा कानुनी प्रक्रिया निर्णायक बन्न सक्छ। निर्वाचन आयोग र अदालतसँग जोडिएको आधिकारिकताको प्रश्न टुङ्गो नलागेसम्म दुवै पक्षका गतिविधिले पार्टीभित्र अन्योल बढाउने सम्भावना छ।

कांग्रेसको वर्तमान अवस्थाले तीन सम्भावना देखाएको छ। पहिलो, राजनीतिक संवाद र सहमतिबाट दुवै पक्षलाई समेटेर पार्टी एकताको आधार तयार हुन सक्छ। दोस्रो, कानुनी तथा संगठनात्मक प्रक्रियाबाट विवादको टुंगो लाग्न सक्छ। तेस्रो, दुवै पक्ष आआफ्नो अडानमा कायम रहे विभाजन संस्थागत हुँदै जान सक्छ।

## चाडपर्व नजिकिँदै जाँदा माटो र बाँसका सामग्रीको व्यापार बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम। तिहार र छठपर्व नजिकिँदै जाँदा तराई-मधेशका बजारमा माटो र बाँसबाट बनेका परम्परागत सामग्रीको माग बढेको छ। चाडपर्वमा पूजाआजा तथा धार्मिक अनुष्ठानका लागि यस्ता सामग्री अनिवार्य रूपमा प्रयोग गरिने भएकाले बिक्रीसमेत उल्लेख्य रूपमा वृद्धि भएको छ।



तिहारमा प्रयोग गरिने माटोका दियो, कलश, घैँलालगायतका सामग्री तथा छठपर्वमा आवश्यक पर्ने बाँसका कोनिया, नाङ्लो, ढाकी र अन्य सामग्री खरिद गर्न उपभोक्ता बजार पुग्न थालेका छन्। दशैंपछि यस्ता सामग्रीको माग बढ्दै गएको स्थानीय व्यापारीले बताएका छन्। चाडपर्वको मौसम शुरु भएसँगै कुमाल समुदायले बनाएका माटाका भाँडाकुँडा र मरिक (डोम) समुदायले तयार पारेका बाँसका सामग्रीको व्यापारले गति लिएको छ।

स्थानीय व्यापारी बुचनीदेवी साहले जनाए अनुसार अन्य समयमा सामान्य रहने व्यापार दसैंदेखि छठपर्वसम्म राम्रो हुने गरेको छ। उनले बाँसबाट बनेका सामग्री बिक्री गर्न थालेको एक दशक भइसकेको बताए।

"बाँसले बनाएको सामग्री बेचेको एक दशक भयो। अन्य समयमा ठिकठिकै व्यापार भए पनि दसैंदेखि छठसम्म राम्रो व्यापार हुँदै आएको छ," उनले भने।

साहले सामान्य समयमा दैनिक करिब एक हजार रुपैयाँको व्यापार हुने गरेको बताए। तर, दशैंदेखि तिहारसम्म आइपुग्दा कारोबार दोब्बर हुने गरेको छ। चाडपर्वका बेला धार्मिक तथा सांस्कृतिक परम्पराअनुसार सामग्री खरिद गर्नुपर्ने भएकाले बिक्री बढ्ने गरेको उनको भनाइ छ।

सामान्य दिनमा माटो र बाँसबाट बनेका सामग्रीको माग सीमित रहने गरेको छ। विवाह, व्रतबन्ध, मृत्यु संस्कार तथा घरमा गरिने विभिन्न पूजाआजामा आवश्यकताअनुसार यस्ता सामग्री खरिद गरिन्छ। तर, नियमित रूपमा प्रयोग नहुने भएकाले अन्य समयमा यसको व्यापार चाडपर्वको तुलनामा कम हुने व्यापारी बताउँछन्।

नगराईन नगरपालिका-२ की ममता देवी झाले तिहार र छठपर्व मधेशका समुदायमा विशेष महत्वका साथ मनाइने भएकाले माटो र बाँसका सामग्री खरिद गर्नैपर्ने अवस्था रहेको बताइन्।

उनले मधेशका विभिन्न चाडपर्व, पूजा तथा धार्मिक अनुष्ठानमा माटाका भाँडाकुँडा र बाँसबाट बनेका सामग्रीको प्रयोग परम्परादेखि हुँदै आएको बताइन्। धार्मिक आस्था र सांस्कृतिक परम्परासँग जोडिएका यस्ता सामग्रीको प्रयोग चाडपर्वका बेला झनै बढ्ने गरेको छ।

> तिहारमा घरघरमा माटाका दियो बाल्ने, कलश स्थापना गर्ने तथा पूजाका लागि विभिन्न भाँडाकुँडा प्रयोग गर्ने चलन छ। त्यसैगरी, छठपर्वमा सूर्यदेवलाई अर्घ्य दिन आवश्यक पूजा सामग्री राख्न बाँसका कोनिया, ढाकी र नाङ्लो प्रयोग गरिन्छ। छठको विधि तथा परम्परामा यी सामग्रीको विशेष महत्व रहेकाले पर्व नजिकिँदै जाँदा बजारमा माग बढ्ने गरेको छ।

"मधेशका हरेक चाडपर्व तथा पूजामा माटाका भाँडा र बाँसका सामग्री नभइ हुँदैन। त्यसैले यो सिजनमा यस्ता सामग्रीको कारोबार बढ्ने गरेको छ," झाले भनिन्।

तिहारमा घरघरमा माटाका दियो बाल्ने, कलश स्थापना गर्ने तथा पूजाका लागि विभिन्न भाँडाकुँडा प्रयोग गर्ने चलन छ। त्यसैगरी, छठपर्वमा सूर्यदेवलाई अर्घ्य दिन आवश्यक पूजा सामग्री राख्न बाँसका कोनिया, ढाकी र नाङ्लो प्रयोग गरिन्छ। छठको विधि तथा परम्परामा यी सामग्रीको विशेष महत्त्व रहेकाले पर्व नजिकिँदै जाँदा बजारमा माग बढ्ने गरेको छ।

माटो र बाँसबाट बनेका सामग्रीको बढ्दो कारोबारले स्थानीय सीप, श्रम र उत्पादनलाई समेत प्रोत्साहन गरेको छ। जिल्लाका विभिन्न पालिकामा बसोबास गर्ने कुमाल समुदायले माटाका भाँडाकुँडा बनाउँदै आएका छन् भने मरिक (डोम) समुदायका मानिस बाँसका सामग्री निर्माण तथा बिक्रीमा संलग्न छन्। उनीहरूले उत्पादन गरेका सामग्री स्थानीय बजारमै बिक्री हुन थालेपछि परम्परागत पेशामा आबद्ध समुदायको आम्दानी बढाउन सहयोग पुगेको छ।

त्यस्तै राजविराज नगरपालिकाका प्रमुख इसरत परविनले स्थानीयस्तरमा उत्पादन भएका माटो र बाँसका सामग्री जिल्लाभित्रै खरिदबिक्री हुनु सकारात्मक पक्ष रहेको बताइन्। उनले स्थानीय उत्पादनले बजार पाउँदा स्थानीय सीपको संरक्षण हुनुका साथै आर्थिक गतिविधि पनि स्थानीयस्तरमै चलायमान हुने गरेको बताइन्।

स्थानीय कुमाल र मरिक समुदायले उत्पादन गरेका सामग्री जिल्लाका विभिन्न बजारमा उपलब्ध हुन थालेपछि उपभोक्ताले खरिदका लागि अन्य जिल्लामा निर्भर हुनुपर्ने अवस्था नरहेको उनको भनाइ छ।

चाडपर्वका बेला बढ्ने मागले स्थानीय उत्पादनको बजार विस्तार गर्न मद्दत पुऱ्याएको छ। परम्परागत सामग्रीको प्रयोगले धार्मिक तथा सांस्कृतिक महत्वलाई निरन्तरता दिनुका साथै स्थानीय उत्पादनकर्ता र व्यापारीको जीविकोपार्जनमा समेत योगदान पुऱ्याएको छ।






**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

# सामुदायिक विद्यालयप्रति घट्दो आकर्षण: सार्वजनिक शिक्षा सुधार्ने कसले?



भरत सहनी

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लास रिपोर्ट २०८२ (शैक्षिक सत्र २०८२/८३) अनुसार नेपालमा २७, ०१० सामुदायिक र ८, ९४१ संस्थागत गरी जम्मा ३५, ९५१ विद्यालय अभिलेखमा छन् । अघिल्लो शैक्षिक सत्र २०८१ मा २७, २९८ सामुदायिक र ८, १४९ संस्थागत विद्यालय थिए । अर्थात् एक वर्षमा सामुदायिक विद्यालयको संख्या २८८ ले घटेको र संस्थागत विद्यालयको संख्या ७९२ ले बढेको देखिन्छ । तर विद्यालय संख्या घट्नु वा बढ्नु मात्रै विद्यार्थीको आकर्षण मापन गर्ने पर्याप्त आधार होइन; विद्यार्थी भर्ना र सिकाइका तथ्याङ्क पनि सँगसँगै हेर्नुपर्छ ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । राज्यले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले शिक्षा क्षेत्रको नीति, योजना, बजेट, जनशक्ति तथा सेवा प्रवाहमा विभिन्न जिम्मेवारी निर्वाह गर्दै आएका छन् । तर सार्वजनिक शिक्षामा राज्यको लगानी र संस्थागत प्रयास हुँदाहुँदै पनि सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास अपेक्षित रूपमा बढ्न नसकेको प्रश्न उठिरहेको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका प्रतिवेदनहरूले विद्यालयको संख्या र विद्यार्थी भर्नामा देखिएको परिवर्तनलाई गम्भीरतापूर्वक विश्लेषण गर्नुपर्ने संकेत गर्छन् । यो समस्या सामुदायिक विद्यालयको मात्र होइन; नेपालको शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा दिन सकेको छ कि छैन भन्ने व्यापक प्रश्न पनि हो ।

### तथ्याङ्कले के देखाउँछ?

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लास रिपोर्ट २०८२ अनुसार शैक्षिक सत्र २०८२ मा देशभर ३५, ९५१ विद्यालय अभिलेखमा थिए । तीमध्ये २७,०१० सामुदायिक र ८,९४१ संस्थागत विद्यालय थिए । अघिल्लो शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालय २७, २९८ र संस्थागत विद्यालय ८, १४९ थिए । यसरी एक वर्षमा सामुदायिक विद्यालयको संख्या २८८ ले घट्दा संस्थागत विद्यालयको संख्या ७९२ ले बढेको देखिन्छ । विद्यालय संख्या घट्नुमा विद्यालय समायोजनलगायतका कारण पनि हुन सक्छन्; त्यसैले यसलाई विद्यार्थीको आकर्षण घटेको प्रत्यक्ष प्रमाणका रूपमा मात्र बुझ्नु हुँदैन ।

विद्यार्थी भर्नाको तथ्याङ्कले पनि ध्यान दिनुपर्ने प्रवृत्ति देखाउँछ। शैक्षिक सत्र २०८२ मा कक्षा १-५ मा सामुदायिक विद्यालयमा करिब २०.५ लाख र संस्थागत विद्यालयमा करिब १५.१ लाख विद्यार्थी भर्ना थिए। अघिल्लो वर्ष यी संख्या क्रमशः करिब २१.९ लाख र १३.३ लाख थिए । अर्थात् यस तहमा सामुदायिक विद्यालयको भर्ना घटेको र संस्थागत विद्यालयको भर्ना बढेको देखिन्छ।

यी तथ्याङ्कले सबै सामुदायिक विद्यालयको अवस्था समान छ भन्ने प्रमाणित गर्दैनन् । केही सामुदायिक विद्यालयले उत्कृष्ट सिकाइ उपलब्धि हासिल गरेका छन्, जबकि केही संस्थागत विद्यालयमा पनि गुणस्तर, पहुँच र समान अवसरसम्बन्धी चुनौती छन् । तर समग्र प्रवृत्तिले सार्वजनिक शिक्षाको गुणस्तर र अभिभावकको विश्वासबारे गम्भीर समीक्षा आवश्यक रहेको देखाउँछ ।

### अभिभावक किन संस्थागत विद्यालयतर्फ आकर्षित भइरहेका छन्?

क) सिकाइ उपलब्धिप्रतिको चिन्ता

अभिभावकको प्रमुख चासो आफ्नो सन्तानले पढ्न, लेख्न, गणना गर्न, समस्या समाधान गर्न र व्यवहारिक ज्ञान हासिल गर्न सकेको छ कि छैन भन्ने हो । विद्यार्थी नियमित विद्यालय गए पनि अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न नसकेमा अभिभावक असन्तुष्ट हुनु स्वाभाविक हो । कक्षा चढ्दै जाने तर आधारभूत सीप कमजोर रहने अवस्था सार्वजनिक शिक्षाका लागि चुनौती हो ।

ख) अंग्रेजी माध्यम र भविष्यको अवसर

धेरै अभिभावक अंग्रेजी भाषालाई उच्च शिक्षा, रोजगारी र अन्तर्राष्ट्रिय अवसरसँग जोडेर हेर्छन् । कतिपय संस्थागत विद्यालयले अंग्रेजी माध्यम, अतिरिक्त गतिविधि र नियमित मूल्याङ्कनलाई आफ्नो पहिचानका रूपमा प्रस्तुत गर्छन् । सामुदायिक विद्यालयले पनि अंग्रेजी भाषा र डिजिटल सीपमा विद्यार्थीलाई सक्षम बनाउन सक्छन्; तर त्यसका लागि शिक्षकको क्षमता, उपयुक्त सामग्री र व्यवहारिक अभ्यास आवश्यक हुन्छ । अंग्रेजी माध्यमको नाममा विषयवस्तुको बुझाइ कमजोर बनाउनु समाधान होइन ।

ग) विद्यालय व्यवस्थापन र जवाफदेहिता

विद्यालयमा शिक्षकको नियमितता, कक्षा सञ्चालन, प्रधानाध्यापकको नेतृत्व, सिकाइ अनुगमन र गुनासो सम्बोधन प्रभावकारी भएमा अभिभावकको विश्वास बढ्छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक अन्तरक्रिया र स्थानीय सरकारको अनुगमन औपचारिकतामा सीमित भएमा समस्या समयमै पहिचान र समाधान हुन सक्दैन ।

घ) अनुशासन, सुरक्षित वातावरण र व्यक्तिगत ध्यान

अभिभावकले विद्यालयमा बालबालिका सुरक्षित छन् कि छैनन्, उनीहरूमाथि सम्मानजनक व्यवहार हुन्छ कि हुँदैन, कमजोर सिकाइ भएका विद्यार्थीलाई अतिरिक्त सहयोग मिल्छ कि मिल्दैन भन्ने विषयलाई महत्व दिन्छन् । दुर्व्यवहार, विभेद, बुलिङ वा गुनासो सुनुवाइ नहुने अवस्था भएमा विद्यालयप्रतिको विश्वास कमजोर हुन सक्छ । विद्यार्थीको संख्या ठूलो भएका कक्षामा व्यक्तिगत सहयोग दिन कठिन हुन सक्छ, त्यसैले विद्यालयले आफ्ना विद्यार्थीको आवश्यकताअनुसार सहयोग प्रणाली बनाउनुपर्छ ।

ङ) सामाजिक प्रतिष्ठा र साथीहरूको प्रभाव

विद्यालय छनोट सधैँ तथ्याङ्क र सिकाइ उपलब्धिमा मात्र आधारित हुँदैन । समुदायमा बनेको धारणा, साथीभाइको रोजाइ, अंग्रेजी माध्यमको प्रतिष्ठा र परिवारको सामाजिक अपेक्षाले पनि निर्णय प्रभावित गर्छ । सामुदायिक विद्यालयको सकारात्मक उपलब्धि सार्वजनिक नगर्ने तर कमजोरीलाई मात्र चर्चामा ल्याउने प्रवृत्तिले पनि जनधारणामा असर पार्न सक्छ । यसको उत्तर प्रचार मात्र होइन, प्रमाणमा आधारित सुधार र पारदर्शिता हो ।

### सार्वजनिक शिक्षामा राज्यको लगानीलाई उपलब्धिमा कसरी बदल्ने?

सार्वजनिक शिक्षामा बजेट खर्च हुनु आवश्यक छ, तर खर्चको मात्रा मात्र गुणस्तरको प्रमाण होइन । विद्यालय भवन, कक्षाकोठा, शौचालय, खानेपानी, डिजिटल उपकरण र शिक्षक दरबन्दी महत्वपूर्ण आधार हुन् । तर यी साधनले बालबालिकाको सिकाइमा कस्तो परिवर्तन ल्याए भन्ने प्रश्नको उत्तर पनि खोजिनुपर्छ । हरेक स्थानीय तहले विद्यालयगत रूपमा विद्यार्थीको नियमितता, कक्षा दोहोऱ्याउने अवस्था, विद्यालय छाड्ने दर, आधारभूत सिकाइ उपलब्धि, शिक्षकको उपलब्धता र अभिभावकको सन्तुष्टिसम्बन्धी तथ्याङ्क विश्लेषण गर्नुपर्छ । बजेट तथा कार्यक्रमलाई यस्ता सूचकसँग जोड्दा कुन विद्यालयलाई कस्तो सहयोग चाहिन्छ भन्ने स्पष्ट हुन्छ ।

स्रोतको वितरण पनि आवश्यकतामा आधारित हुनुपर्छ । दुर्गम क्षेत्र, विपन्न परिवार, अपाङ्गता भएका विद्यार्थी, भाषिक रूपमा विविध समुदाय र न्यून सिकाइ उपलब्धि भएका विद्यालयलाई अतिरिक्त सहयोग आवश्यक पर्न सक्छ । समान रकम वितरण गर्नु मात्र समानता होइन; असमान आवश्यकतालाई सम्बोधन गर्नु वास्तविक समावेशिताको आधार हो ।

### सामुदायिक विद्यालय सुधारका लागि प्राथमिकतामा राख्नुपर्ने उपायहरु

सामुदायिक विद्यालयलाई सुधार गर्न आधारभूत सिकाइलाई राष्ट्रिय अभियान बनाउने, शिक्षकको क्षमता, नियमितता र पेशागत सहयोग, प्रधानाध्यापकलाई शैक्षिक नेतृत्वको जिम्मेवारी, अंग्रेजी, नेपाली र मातृभाषाबीच सन्तुलन, विद्यालयलाई सुरक्षित, समावेशी र बालमैत्री बनाउने, अभिभावकसँग नियमित र अर्थपूर्ण साझेदारी, प्रविधि र व्यवहारिक सिकाइको प्रयोग र विद्यालय समायोजन गर्दा पहुँच र समानताको रक्षा लगायतका उपायहरु अपनाउन सकिन्छ ।

### तीनै तहका सरकारको भूमिका स्पष्ट हुनुपर्छ

संघीय सरकारले राष्ट्रिय मापदण्ड, पाठ्यक्रम, शिक्षक व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था, सिकाइ मूल्याङ्कन, वित्तीय समानीकरण र गुणस्तर अनुगमनलाई सुदृढ बनाउनुपर्छ । तथ्याङ्क प्रणाली विश्वसनीय र सार्वजनिक रूपमा उपयोगी हुनुपर्छ । प्रदेश सरकारले स्थानीय तह र विद्यालयलाई विषयगत तथा प्राविधिक सहयोग, शिक्षक पेशागत विकास, नमुना अभ्यासको विस्तार र प्रदेशस्तरीय सिकाइ उपलब्धिको विश्लेषणमा सहयोग गर्न सक्छ। प्रदेशभित्र देखिएका असमानता र साझा चुनौतीका आधारमा लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्छ । स्थानीय सरकार विद्यालयसँग सबैभन्दा नजिकको सरकार भएकाले विद्यालय सुधारको नेतृत्व लिनुपर्छ। स्थानीय तहले विद्यालयगत तथ्याङ्कका आधारमा सुधार योजना बनाउने, प्रधानाध्यापक तथा शिक्षकलाई सहयोग गर्ने, अभिभावकसँग संवाद गर्ने र बजेटको प्रभावकारिता अनुगमन गर्ने कामलाई प्राथमिकता दिनुपर्छ ।

विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ, समुदाय, नागरिक समाज र संवैधानिक निकायहरूले आ-आफ्नो कानुनी अधिकार र जिम्मेवारीअनुसार पारदर्शिता, उत्तरदायित्व र बालबालिकाको अधिकार संरक्षणमा योगदान दिनुपर्छ । तर सुधारको जिम्मेवारी एक निकायमाथि मात्र थोपर्नु उचित हुँदैन; स्पष्ट कार्यविभाजन र समन्वय आवश्यक छ ।

### सुधारको प्रगति कसरी मापन गर्ने?

सामुदायिक विद्यालय सुधारका लागि घोषणा गरिएका कार्यक्रमको संख्या होइन, बालबालिका र परिवारले अनुभव गर्ने परिवर्तन मापन गर्नुपर्छ । त्यसका लागि स्थानीय तह र विद्यालयले कम्तीमा निम्न सूचक नियमित रूपमा समीक्षा गर्न सक्छन्:

- कक्षा १-३ का विद्यार्थीको पढाइ र गणितसम्बन्धी आधारभूत सीप ।
- विद्यार्थीको नियमित उपस्थिति, कक्षा दोहोऱ्याउने अवस्था र विद्यालय छाड्ने दर ।
- कक्षा तथा तहअनुसार भर्ना, टिकाउ दर र उत्तीर्ण दर ।
- शिक्षकको उपस्थिति, विषयगत उपलब्धता र कक्षाकोठाको शिक्षण अभ्यास ।
- विद्यालयमा सुरक्षित वातावरण, समावेशिता र गुनासो सम्बोधनको अवस्था ।
- अभिभावकको सन्तुष्टि तथा विद्यालयप्रतिको विश्वास ।
- बजेट खर्च र त्यसबाट विद्यार्थीको सिकाइमा परेको प्रभाव ।

यी सूचकलाई विद्यालय, स्थानीय तह र प्रदेशअनुसार छुट्याएर हेर्दा राम्रो अभ्यास भएका विद्यालयबाट सिक्न र थप सहयोग आवश्यक विद्यालयलाई पहिचान गर्न सकिन्छ । तथ्याङ्क सार्वजनिक गर्दा विद्यार्थीको गोपनीयता र व्यक्तिगत विवरणको सुरक्षा पनि सुनिश्चित गर्नुपर्छ ।

### सामुदायिक विद्यालयप्रतिको विश्वास पुनर्स्थापित गर्न सकिन्छ

सामुदायिक विद्यालयमा विद्यार्थी घट्नुको अर्थ सार्वजनिक शिक्षा आवश्यक छैन भन्ने होइन । बरु सार्वजनिक शिक्षाले आफ्नो जिम्मेवारी अझ प्रभावकारी ढंगले पूरा गर्नुपर्ने संकेत हो । संस्थागत विद्यालयप्रतिको आकर्षणलाई निषेध गर्ने वा अभिभावकको छनोटलाई दोष दिनेभन्दा उनीहरूले खोजिरहेको गुणस्तरीय सिकाइ, अनुशासन, सुरक्षा, भाषिक दक्षता र भविष्यका अवसर सामुदायिक विद्यालयले कसरी उपलब्ध गराउन सक्छन् भन्ने प्रश्नमा ध्यान दिनुपर्छ । सार्वजनिक शिक्षाको सुधार भवन निर्माण, बजेट विनियोजन, पाठ्यपुस्तक वितरण वा नयाँ कार्यक्रम घोषणा गरेर मात्र पूरा हुँदैन । यसको वास्तविक परीक्षा कक्षाकोठामा हुन्छ- बालबालिकाले कति सिके, शिक्षकले कति सहयोग पाए, विद्यालय कति सुरक्षित भयो र अभिभावकको विश्वास कति बढ्यो भन्ने आधारमा ।

## सम्पादकीय

# मृत्यु भोजको सामाजिक दबाब अन्त्य गरौँ

मिथिला-मधेशमा मृत्यु भोज परम्परा र संस्कृतिसँग जोडिएको सामाजिक अभ्यास हो । मृतकको सम्झनामा गरिने भोजले आफन्त तथा समुदायबीचको सम्बन्ध प्रगाढ बनाउने विश्वास गरिन्छ । तर, पछिल्लो समय यही परम्परा सामाजिक प्रतिष्ठा र प्रतिस्पर्धाको विषय बन्दै जाँदा शोकसन्तप्त परिवारका लागि आर्थिक बोझको कारण बनेको छ । दुःखको घडीमा सहानुभूति र सहयोग दिनुपर्ने समाजले नै भोज गर्न दबाब दिनु विडम्बनापूर्ण छ । मृत्यु भएपछि अन्तिम संस्कार र धार्मिक क्रियाकर्म सम्पन्न गर्नुका साथै भोजको व्यवस्थापन गर्नुपर्ने बाध्यताले परिवारलाई थप तनावमा पार्ने गरेको छ । जात र समुदायअनुसार १३ दिनभित्र तीनदेखि पाँच पटकसम्म भोज गर्नुपर्ने चलनले खर्च झन् बढाएको छ । सामाजिक प्रतिष्ठा जोगाउन र अरूभन्दा ठूलो भोज आयोजना गर्न आफ्नो आर्थिक हैसियतभन्दा बढी खर्च गर्ने प्रवृत्तिले विपन्न परिवारलाई ऋणको दलदलमा धकेलिरहेको छ । सप्तरीको राजविराज नगरपालिका-१ की दुर्गादेवी रजक यसको उदाहरण हुन् । सासुको मृत्युपछि आर्थिक अवस्था कमजोर भएकाले भोज गर्न नसक्ने बताउँदा पनि सामाजिक दबाबका कारण उनले तीन लाख रुपैयाँ ऋण लिनु पऱ्यो । ब्याज तिर्दै आए पनि मूलधन चुक्ता गर्न नसक्नुले यस परम्पराको आर्थिक र मानवीय पक्षलाई उजागर गर्छ। यस्ता घटनाले परम्पराका नाममा गरिब परिवारमाथि अन्याय भइरहेको स्पष्ट पार्छन् । धार्मिक संस्कृति तथा परम्पराको संरक्षण आवश्यक छ। तर, कुनै पनि परम्परा मानिसको जीवनभन्दा ठूलो हुन सक्दैन। ऋण लिएर भोज गर्नुपर्ने, बालबालिकाको शिक्षा र परिवारको जीविकोपार्जनमा असर पर्ने तथा वर्षौंसम्म आर्थिक बोझ बोक्नुपर्ने अवस्था सिर्जना हुन्छ भने त्यस्तो अभ्यासमाथि पुनर्विचार गर्नैपर्छ । अन्नदान र सामाजिक सद्भावको उद्देश्यलाई अनावश्यक तडकभडक तथा खर्चसँग जोड्नु उचित होइन । यसका लागि समाजका अगुवा, जनप्रतिनिधि, राजनीतिकर्मी, नागरिक समाज र धार्मिक नेतृत्वले सामूहिक पहल गर्नुपर्छ । मृत्यु भोजलाई अनिवार्य मान्ने मानसिकता हटाउँदै स्वेच्छिक, सादा र आर्थिक क्षमताअनुसारको संस्कारलाई प्रोत्साहन गर्नुपर्छ । भोज नगर्ने परिवारलाई सामाजिक बहिष्कार वा अपमान गर्ने प्रवृत्तिको अन्त्य पनि उत्तिकै आवश्यक छ । मृत्यु भोजमा खर्च हुने रकम शिक्षा, सीप विकास, स्वास्थ्य र आयआर्जनमा लगाउन सके समाजको दीर्घकालीन हित हुनेछ। मृतकप्रतिको सच्चा श्रद्धाञ्जली खर्चिलो भोज होइन, परिवारप्रतिको सहयोग, मानवीय संवेदना र सामाजिक सद्भाव हो। त्यसैले मृत्यु भोजको नाममा हुने आर्थिक शोषण अन्त्य गर्दै मानवीय मूल्यमा आधारित संस्कारको विकास गर्नु आजको आवश्यकता हो । त्यसैले समाजमा सकारात्मक कार्यका लागि अभियान थाल्नु पनि त्यतिकै आवश्यक देखिन्छ ।


## कर्मचारी आवश्यकता सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मितिः२०८३/०७/१२**

सामाजिक बिकास र अनुसन्धान केन्द्र (SDRC) प्रदेश र केन्द्र स्तरमा एउटा अग्रिनी गैर सरकारी र गैर नाफामुलक संस्था हो जुन नेपालको १० वटा जिल्लामा विभिन्न दातृ निकायहरु को सहकार्य र सहयोगमा विभिन्न परियोजना मार्फत आफ्ना कार्यक्रम स्थापना काल देखि नै बिगत ३१ बर्ष देखि अनवरत रुपमा संचालन गर्दै आईरहेको छ ।

सामाजिक बिकास र अनुसन्धान केन्द्र (SDRC) लाई धनुषा जिल्लामा परियोजना संचालनको लागि तपसिलका पदहरुमा कर्मचारी आवश्यक भएको एवम आगामी परियोजनाको लागि रोष्टर समेतको लागि न्यूनतम योग्यता पुगेका, १८ वर्ष पूरा भई ५५ वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (२०८३।०७।१८ गते साँझ ५:०० बजेसम्म) आफ्नो व्यक्तिगत विवरण (Biodata/CV) सहितको निवेदन (Cover letter) संस्थाको तोकिएको ठेगाना वा ईमेल मार्फत पेश गर्न आह्वान गरिन्छ।

१. **Admin and Finance Officer (AFO)-1**

**योग्यता र अनुभव**

लेखा, वित्त, व्यवसाय प्रशासन, व्यवस्थापन वा सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका हुनुपर्ने।

वित्त तथा प्रशासनसम्बन्धी कार्यमा कम्तीमा ३ वर्षको सान्दर्भिक कार्य अनुभव भएको हुनुपर्ने। दातृ निकायको सहयोगमा सञ्चालित परियोजनामा काम गरेको अनुभवलाई प्राथमिकता दिइनेछ।

2. **Technical Officer-1**

**योग्यता र अनुभव**

सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह ९द्यबअजभयिच क म्भनचभभ ष्ल ऋष्खर्ष भ्लनष्लभभचष्लन) उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा करिब १ वर्षको कार्य अनुभव भएको हुनुपर्ने। वा सिभिल इन्जिनियरिङ विषयमा डिप्लोमा (सब-इन्जिनियर) उत्तीर्ण गरी कुनै पनि विषयमा स्नातक तह पूरा गरेको तथा सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको हुनुपर्ने।

3. **Program Officer-1 (for Roster)**

**योग्यता र अनुभव**

मान्यता प्राप्त विश्वविद्यालयबाट शिक्षा, सामाजिक विज्ञान, जनस्वास्थ्य, समाजशास्त्र, सामाजिक कार्य वा सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने।

- परियोजना कार्यान्वयन, सामुदायिक विकास, शिक्षा, बाल संरक्षण वा सम्बन्धित विकास कार्यक्रमहरूमा कम्तीमा २-३ वर्षको सान्दर्भिक व्यावसायिक कार्य अनुभव भएको हुनुपर्ने।

4. **Procurement Assistant (PA)-1 (For Roster)**

**योग्यता र अनुभव**

व्यवस्थापन विषयमा प्रमाणपत्र तह (+२) उत्तीर्ण गरेको वा व्यवसाय प्रशासन, व्यवस्थापन, वित्त, लेखा, खरिद व्यवस्थापन, वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने। स्नातक तह उत्तीर्ण गरेका उम्मेदवारहरूलाई प्राथमिकता दिइनेछ।

- खरिद प्रक्रिया, लजिस्टिक्स व्यवस्थापन, जिन्सी तथा भण्डार व्यवस्थापन वा प्रशासनसम्बन्धी कार्यमा कम्तीमा २ वर्षको सान्दर्भिक व्यावसायिक कार्य अनुभव भएको हुनुपर्ने। गैरसरकारी संस्था ९ल्इ०, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (क्ष्ल्इ) वा दातृ निकायको सहयोगमा सञ्चालित विकास परियोजनाहरूमा काम गरेको अनुभवलाई प्राथमिकता दिइनेछ।

**नोट**: आवेदनमा पदको नाम स्पष्ट उल्लेख भएको हुनु पर्ने छ । प्रारम्भिक छनौटमा परेका उम्मेदवार हरुलाई मात्र परिक्षा प्रक्रियामा समावेश गराइने छ । महिला, दलित, जनजाति, मधेशी, सिमान्तीकृत स्थानीयहरुलाई उच्च प्राथमिकता दिईनेछ । कर्मचारीको पारिश्रमिक र अन्य सुविधाको हकमा संस्थाले तोकेको अनुसार हुनेछ। कर्मचारी भर्ना सम्बन्धमा कसैको पक्षमा कुनै प्रकारको हस्तक्षेप हुने खालको अनावश्यक दबाव आएको ठहर भएको खण्डमा उक्त उम्मेदवारको निवेदन स्वतस्अमान्य ठहरिने छ। कार्यरत रहेको भए सो सरोकारवाला सहमती पत्र ।

**दरखास्त दिने अन्तिम मिति**: २०८३/०७/१८ गते (4th Novemeber 2026) साँझ ५:०० बजे सम्म । आवेदनलाई कार्यलयमा स्वयम्म उपस्थित भएर अथवा इमेल मार्फत पनि पठाउन सकिने छ ।

**बिस्तृत जानकारी तथा आवेदन दिने सम्पर्क ठेगाना:**

**सामाजिक विकास र अनुसन्धान केन्द्र (SDRC)**

**मिल्स एरिया-१ जनकपुरधाम उपमहानगरपालिका, धनुषा, नेपाल**

फोनः ०४१-५९०३७६

इमेल : vacancysdrc22@gmail.com



## ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज नयाँ काम थालनी नगर्नु उचित देखिन्छ । |
| वृष : | शिक्षाको क्षेत्रमा प्रगति हुनेछ । प्रशंसा गर्नेछन् । |
| मिथुन : | संकटमा साथीको साथ मिल्ने छ । |
| कर्कट : | साथीले सहयोग नगर्दा मन अशान्त बन्नसक्छ । |
| सिंह : | प्रियजनसंगकोभेटलेमनमाखुशीहुनेछ। |
| कन्या : | स्वदेशमा गरेको लगानीबाट नाफा हुने योग छ । |
| तुला : | परीक्षा लेखेको भए राम्रो नतिजा प्राप्त हुनेछ । |
| वृश्चिक : | हरेक क्षेत्रमा मिहिनेत गरेर क्षमताको प्रदर्शन गर्ने दिन छ । |
| धनु : | हरेक काममा सफलताका लागि मिहिनेत गर्नुपर्ने समय छ। |
| मकर : | लगानीका क्षेत्रमा फाइदा हुने योग छ । मनमा उत्साह बढ्नेछ । |
| कुम्भः | हरेक काममा परिश्रम गर्नुपर्ने समय छ । व्यवहारिक बोझले केही समस्या देखिनेछ। |
| मीनः | गुम्न लागेको धन प्राप्त हुनेछ। स्वास्थ्यमा सुधार हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

**9812005378**




## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नक्कली नम्बर प्लेट राखेर काठ तस्करी, भ्यानसहित चालक पक्राउ

**टुडे समाचारदाता**

बारा । बाराबाट काठ तस्करीको आरोपमा भ्यानसहित चालकलाई पक्राउ गरिएको छ। जिल्लाको जंगलभित्र प्रवेश गरी रातिको समयमा रुख काटेर गोलिया बनाई गाडीमा लोड गर्दै गरेको अवस्थामा वन गस्ती टोलीले काठसहितको भ्यान नियन्त्रणमा लिएको हो।



घटनामा संलग्न रहेको आरोपमा प्रहरीले गाडीका चालकलाई पक्राउ गरेको छ भने मोटरसाइकलमा सवार अन्य दुई जना फरार भएको वन डिभिजन कार्यालय बाराले जनाएको छ।

मधुबन सबडिभिजन वन कार्यालयको गस्ती टोलीले नियमित गस्तीका क्रममा राति करिब १२ बजे काठ लोड गरिएको बा १ च ८९११ नम्बरको भ्यान नियन्त्रणमा लिएको डिभिजन बन कार्यालय बाराका डिभिजनल बन अधिकृत सुजित कुमार झाले जानकारी दिएका छन्। मधुबन सब डिभिजन बन कार्यालयका रेञ्जर उदय पुडासैनीका अनुसार बरामद काठ तीनवटा रुख काटेर बनाइएका आठवटा गोलिया हुन्। बरामद काठ सिसौँ जातको रहेको र त्यसको परिमाण ८६ दशमलव ७ क्युफिट रहेको उहाँले बताए।

वन क्षेत्रमा अवैध रूपमा रुख कटान गरी काठ ओसार पसार गर्न खोजिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। काठसहित नियन्त्रणमा लिइएको गाडीका चालक रौतहटको कटहरिया नगरपालिका वडा नं.१२ निवासी २९ वर्षीय जलन्धर महत्तो रहेका छन्। उनलाई आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन डिभिजन वन कार्यालय बाराको नियन्त्रणमा राखिएको छ।

घटनामा संलग्न रहेको आशंका गरिएका मोटरसाइकलमा सवार अन्य दुई जना भने फरार रहेको वन कार्यालयले जनाएको छ। अनुसन्धानका क्रममा काठ ओसारपसारमा प्रयोग गरिएको गाडीको नम्बर प्लेट नक्कली रहेकोसमेत फेला परेको छ। वास्तविक रूपमा ना १ च ८९११ नम्बर रहेको गाडीमा बा १ च ८९११ नम्बरको प्लेट राखेर प्रयोग गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको हो। काठ चोरी तथा अवैध ओसारपसारमा पहिचान लुकाउन नक्कली नम्बर प्लेट प्रयोग गरिएको हुन सक्ने आशंका गरिएको छ। नियन्त्रणमा लिइएको काठसहितको भ्यान डिभिजन वन कार्यालय बाराको प्राङ्गणमा राखिएको छ भने पक्राउ परेका महत्तोलाई कार्यालयको थुनुवा कक्षमा राखेर अनुसन्धान भइरहेको छ।

डिभिजन वन कार्यालय बाराका डिभिजनल वन अधिकृत झाले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ। फरार व्यक्तिको खोजी, काठ कटान भएको वन क्षेत्रको पहिचान तथा घटनामा संलग्न अन्य व्यक्तिबारे अनुसन्धान भइरहेको कार्यालयले जनाएको छ।

# श्रम संस्कृति धनुषाका संयोजकमा यादव

**टुडे समाचारदाता**

जनकपुरधाम। श्रम संस्कृति पार्टी धनुषाको नयाँ कार्यसमिति गठन गरिएको छ। पार्टीका शोभा सिंह यादवको संयोजकत्वमा ४२ सदस्यीय कार्यसमिति सर्वसहमतिले चयन गरिएको जनाइएको छ।

नव चयनित संयोजक यादवद्वारा जारी प्रेस विज्ञप्तिमा कार्यसमितिको सहसंयोजकमा मो. सदाम हुसेनलाई चयन गरिएको उल्लेख छ। पार्टीका केन्द्रिय सदस्य तथा प्रदेश अध्यक्ष छोटे पठानको प्रमुख आतिथ्य र हुसेनको अध्यक्षतामा सम्पन्न सभाबाट नयाँ कार्यसमिति गठन गरिएको हो।


## आ.पि.ए गुटख् उद्योग
**सम्सी, महोत्तरी**

### मुल्य सुची सम्बन्धि सुचना

**सूचना प्रकाशित मिति : २०८३/०७/१२ गते**

यस आ.पि.ए गुटख उद्योग बाट उत्पादित तपशिल बमोजिम ब्रान्डका गुट्खा तथा पान मसलाहरु नेपाल अधिराज्य भित्र विक्री वितरण गर्नका लागि आर्को सुचना जारी नभएसम्मका लागि मिति २०८३/०७/१२ गते देखि लागु हुने गरी कायम गरिएको हुदा सम्बन्धित सबैमा जनाकारीका लागि तपशिल बमोजिमको मुल्यसूचि अनुसार विक्री वितरण गर्न हुन सुचित गरिन्छ। उपरोत्त मुल्यमा मू.अ.कर समावेश गरिएको छैन।

| विवरण | साइज (प्रति पोका) | डिलर (मूल्य प्रति पोका) | थोक बिक्रेता | खुद्रा बिक्रेता | उपभोक्ता खुद्रा मूल्य | प्रति पाउच मूल्य |
|---|---|---|---|---|---|---|
| सुभलाभ गुट्खा | १५० ग्राम | १९७.७० | २१२.७० | २२७ | २५२.७० | ५ |
| किक गुट्खा | १५० ग्राम | १९७.७० | २१२.७० | २२७ | २५२.७० | ५ |
| ए.टि.एम सुपारी | १५० ग्राम | १३५.३७५ | १५०.३७५ | १७५ | २२५.२५ | २.५० |

**नोट**: खुद्रा बिक्रेताले अधिकतम खुद्रा मुल्य भन्दा कम मुल्य पनि विक्री गर्न सक्ने छ।


## हंसपुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बघचौड़ा, धनुषा,**
**मधेश प्रदेश, नेपाल**

### सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१२)**

यस हंसपुर नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार तपसिलका पदहरूमा सेवा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको कागजात सहित यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ।

**१. विज्ञापन विवरण तथा माग पद संख्याः**

| क्र.स. | विज्ञापन नं. | पद | तह / श्रेणी | सेवा / समूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८३/०८४ | वैद्य (अभियानकर्ता) | सहायक चौथो तह | स्वास्थ्य/आयुर्वेद | १ (एक) | नागरिक आरोग्य सेवा केन्द्रको लागि |
| २ | ०२/२०८३/०८४ | उद्यम विकास सहजकर्ता | सहायक स्तर, चौथो | आर्थिक विकास | १ (एक) | मेडपा कार्यक्रमको लागि |
| ३ | ०३/२०८३/०८४ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | १ (एक) | |

**२. न्यूनतम शैक्षिक योग्यता तथा अनुभवः**

- वैद्यः मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा ब्ब्ज्ध वा सो सरहको शैक्षिक उपाधि उत्तीर्ण गरी आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको। तथा आ.व. २०८२/०८३ र २०८३/०८४ को संघीय तथा प्रदेश लोक सेवा आयोगका वैद्य पदको स्थायी पदपूर्तिमा बैकल्पिक योगयताक्रम उम्मेदवारमा रहेको।
- उद्यम विकास सहजकर्ताः (क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्स उत्तीर्ण गरेको, वा (ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा (ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टीएसएलसी) उत्तीर्ण गरेको।
- कार्यालय सहयोगीः कक्षा ८ उतिर्ण र Basic Computer Course गरेको।

**३. उमेरको हदः**

- सहायक स्तर (वैद्य र उद्यम विकास सहजकर्ता)ः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)।
- श्रेणी विहीन (कार्यालय सहयोगी)ः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)।

**४. आवश्यक कागजातहरूः**

- स्पष्ट भरिएको दरखास्त फाराम, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,न्यूनतम शैक्षिक योग्यता तथा लब्धांक पत्रको प्रतिलिपि,
- सम्बन्धित काउन्सिल/परिषद् दर्ता प्रमाण पत्रको प्रतिलिपि, लोकसेवा आयोगको वैकल्पिक योग्यताक्रमको प्रमाण (वैद्य पदका लागि)
- २ प्रति पासपोर्ट साइजको फोटो, अनुभव तथा तालिमका प्रमाण पत्रहरू (भएमा),राजस्व दाखिला गरेको भौचर/रसिद

**५. अन्य विवरणः**

- दरखास्त दिने अन्तिम मितिः २०८३/०७/२६ गते (कार्यालय समयभित्र)। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको समयमा।
- दरखास्त दस्तुरः सहायक स्तर (वैद्य र उद्यम विकास सहजकर्ता) का लागि रु. ७००/- र श्रेणी विहीन (कार्यालय सहयोगी) का लागि रु. ५००/-
- हंसपुर नगरपालिका आन्तरिक राजस्व खाता (ग.१.१) ११७००७३४६३८०००१९ (एन.एम.वि.बैंक)
- दरखास्त बुझाउने स्थानः हंसपुर नगर कार्यपालिकाको कार्यालय, बाघचौडा, धनुषा। (मो.९८००९७२९१५)

**६. परीक्षाको किसिम**

| क्र.स. | पद | परीक्षाको किसिम |
|---|---|---|
| १ | वैद्य | लोक सेवा आयोगका वैद्य पदको स्थायी पदपूर्तिमा बैकल्पिक योगयताक्रम उम्मेदवारहरु एक भन्दा बढी भएमा अन्तर्वार्ताको माध्यमवाट छनौट गरिने छ। |
| २ | उद्यम विकास सहजकर्ता | लिखित परिक्षा र अन्तर्वार्ता |
| ३ | कार्यालय सहयोगी | अन्तर्वार्ता |

- सेवा सुविधाः नेपाल सरकार/स्थानीय तहको नियमानुसार।
- सम्पर्क मितिः २०८३/०८/०२ गते (उक्त दिन उम्मेदवारको प्रारम्भिक योग्या क्रमको सुचि प्रकाशन, लिखित परिक्षा र अन्तर्वार्ताको मिति प्रकाशन गरिने छ )

**प्रमुख प्रशासकीय अधिकृत**

## मधेश प्रदेश सरकार
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
**महोत्तरी, जलेश्वर**

### कृषि विकास कार्यक्रमहरूको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०७/१२**

यस कृषि ज्ञान केन्द्र, महोत्तरीको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले यस जिल्लाका इच्छुक लक्षित वर्गले आवेदन पेश गरेको कार्यक्रमको नाम स्पष्ट खुलाइ माग गरिएको कागजात सहित प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०८३/०८/११ गते) कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र, महोत्तरीमा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारी कार्यालयको आधिकारिक वेबसाइट akcmahottari.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**तपसिल**

१. व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम
२. पुष्प खेती प्रवर्द्धन कार्यक्रम
३. मखान खेती प्रवर्द्धन कार्यक्रम
४. च्याउ प्रवर्द्धन कार्यक्रम
५. रैथाने बाली प्रवर्द्धन कार्यक्रम (सोहिजन, कोदो, फापर आदिको लागि)
६. व्यवसायिक उखु खेती परियोजना कार्यक्रम
७. बीउबीजन आत्मनिर्भर कार्यक्रम
८. हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनका लागि १००% अनुदानमा कृषि विकास कार्यक्रम
९. मूल्य श्रृंखलामा आधारित व्यवसायिक आँप खेती आयोजना अन्तर्गत पुरानो बगैंचा व्यवस्थापन कार्यक्रम

**कृषि ज्ञान केन्द्र, महोत्तरी**

## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
**मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम**

### कनिका र ब्रान बिक्री गर्ने सम्बन्धमा गोप्य सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०७/१२ गते**

खाद्य व्यवस्था तथा व्यापार क.लि. प्रादेशिक कार्यालय जनकपुरधामको गोदाम मौज्दातमा रहेको १४०१३.०८ क्वी. सोना मंसुली धान कुटानी भई प्राप्त हुने उप-पदार्थहरु कनिका र ब्रान बिक्री गर्नुपर्ने भएकोले कम्पनीले तोकेको तपसिल बमोजिमको न्युनतम मूल्यमा नघट्ने गरी ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट उल्लेखित शर्तहरुको अधिनमा रहि ७ (सात) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन तपसिलमा उल्लेखित भएबमोजिम उक्त कार्य हुनेछ।

**तपसिलः-**

| क्र.सं. | उप-पदार्थको नाम | ईकाइ | बिक्री हुने मोटामोटी परिमाण | कम्पनिले तोकेको न्युनतम मूल्य | दरभाउ पेश गर्दा राख्नुपर्ने धरौटी रकम | दरभाउ पत्र बिक्री गर्ने/ खोल्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| १. | कनिका | क्वी. | ५७५.०० | ३,८१०/- | ५४,७६८/७५ | कम्पनीको मधेश प्रादेशिक कार्यालय जनकपुरधाम, मुजेलिया |
| २. | ब्रान | क्वी. | ९४०.०० | ३,६२५/- | ८५,१८७/५० | |

**शर्तहरूः-**

१. दरभाउपत्र फारम मिति २०८३/०७/१८ गते सम्म पछि फिर्ता नहुने गरि प्रत्येक उप-पदार्थहरुका लागी छुट्टाछुट्टै दररभाउपत्र रु. १०००/-(रु एक हजार) मात्र का दरले कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। सो फारम यस कम्पनिको मधेस प्रादेशिक कार्यालयमा नगद जम्मा गरी प्राप्त गर्न सकिने छ वा यस कम्पनिको प्रधान कार्यालयको नाममा नेपाल बैंक लिमिटेड स्थित खाता नं ००२००१००५०२४२४००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी प्राप्त गर्न सकिने छ।
२. दरभाउपत्र दाताले दरभाउपत्र साथ कम्पनी /फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर वा स्थायी लेखा नं, फर्म रजिष्ट्रेशन प्रमाण पत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि , नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राख्नुपर्ने छ।
३. दरभाउपत्र साथ कनिका र ब्रानको आफुले कबोल गरेको मूल्यको २.५% (दुई दशमलब पाँच प्रतिशत) ले हुन आउने रकम यस कम्पनीको प्रधान कार्यालयको काठमाडौंको नेपाल बैक लि.को नाममा रहेको च.हि.नं.००२००१००५०२४२४००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा यस प्रादेशिक कार्यालयमा नगद जम्मा गरेको नगदि रसिद सिलबन्दी दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्ने छ।
४. दरभाउपत्र मिति २०८३/०७/१९ गते दिनको १२ः०० बजे सम्म पेश गरी सक्नुपर्नेछ। पेश हुन आएको दरभाउपत्र सोहि दिनको २ः०० बजे यस कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। उक्त समयमा दरभाउपत्रदाता उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा हुने छैन।
५. दरभाउपत्र दाताले कनिका र ब्रान प्रति क्वी.का दरले दरभाउपत्र आफुले गर्न चाहेको दररेट अंक र अक्षरमा समेत प्रष्ट रुपमा उल्लेख गरेको हुनुपर्छ।
६. दरभाउपत्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कम्पनिमा रहनेछ।
७. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको मूल्यले हुन रकमको बाँकी थप २.५% (दुई दशमलब पाँच प्रतिशत) धरौटी रकम सहित कुल ५% धरौटी रकम जम्मा गरी सम्झौता गर्न आउनु पर्ने छ।
८. रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्याता दिईने छैन।
९. कनिका र ब्रान जे जस्तो अवस्थामा रहेको छासोहि अवस्थामा उठाई लैजानुपर्ने छ।
१०. यस सम्बन्धी अन्य थप जानकारी लिन चाहेमा मो.न.९८५४०२७२४७ वा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम**
**मो.नं.९८५४०२७२४७**

# जनकपुरधामसहित १२ भन्सारबाट शुन्य निर्यात

**टुडे समाचारदाता**

काठमाण्डू । चालु आर्थिक वर्ष (२०८२/८३) को पहिलो तीन महिनामा देशका १२ वटा भन्सार कार्यालयमा निर्यात शुन्य देखिएको छ । २८ नाकाबाट आयात भइरहे पनि मुलुकका १२ वटा भन्सार कार्यालयबाट भने स्वदेशी वस्तुको निर्यात हुन सकेको छैन ।

तथ्यांकअनुसार भद्रपुर, जनकपुरधाम, महेशपुर, पोखरा, राजविराज, सती, सिराहा, सुनसरी, सुठौली, तातोपानी, ठाडी र त्रिवेणी भन्सार कार्यालयबाट यो तीन महिनाको अवधिमा एक रुपैयाँको पनि वस्तु निर्यात भएको छैन । चीनसँगको प्रमुख व्यापारिक नाका तातोपानीबाट सवा अर्बको आयात हुँदा निर्यात भने पूर्ण रूपमा शून्य देखिएको छ ।

मुलुकका २८ भन्सार नाकामध्ये वीरगञ्ज भन्सारबाट सबैभन्दा धेरै मूल्य बराबरको वस्तु आयात र निर्यात भएको छ । भन्सार विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार समीक्षा अवधिमा वीरगञ्ज नाकाबाट मात्रै ३ खर्ब १२ अर्ब ४० करोड रुपैयाँ बराबरको विदेशी वस्तु आयात भएको छ । त्यसैगरी, यसै नाकाबाट सबैभन्दा धेरै ४७ अर्ब ९२ करोड रुपैयाँ बराबरको स्वदेशी वस्तु निर्यात भएको छ ।

वीरगञ्जपछि आयाततर्फ भैरहवा र विराटनगर भन्सार अगाडि छन्। विभागको तथ्यांकअनुसार भैरहवा भन्सारबाट ९८ अर्ब ८१ करोड र विराटनगर भन्सारबाट ७८ अर्ब ३३ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ ।

यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ५१ अर्ब ६२ करोड र पूर्वी नाका मेची भन्सारबाट २१ अर्ब ४० करोड रुपैयाँ बराबरको आयात भएको छ । उत्तरी नाका रसुवाबाट ७ अर्ब ९१ करोड र तातोपानीबाट १ अर्ब १५ करोड रुपैयाँको आयात भएको देखिन्छ ।

निर्याततर्फ पनि वीरगञ्ज नै अगाडि रहेको छ भने विराटनगर भन्सार दोस्रो स्थानमा छ। वीरगञ्जबाट ४७ अर्ब ९२ करोड रुपैयाँ बराबरको र विराटनगर नाका हुँदै २९ अर्ब ३५ करोड रुपैयाँ बराबरको वस्तु बिदेसिएको छ । त्यस्तै, हवाई मार्ग हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १२ अर्ब ७१ करोड, भैरहवा भन्सारबाट ११ अर्ब ५१ करोड र मेची भन्सारबाट ९ अर्ब ३३ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ ।

# वन कर्मचारी सरुवा विवाद : पदस्थापन गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा वन कर्मचारीको सरुवा प्रक्रियालाई लिएर विवाद चुलिँदै गएको छ । कर्मचारी सरुवामा समानता र पारदर्शिताको अभाव रहेको आरोप लगाउँदै चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले समायोजनपछि सरुवा हुन बाँकी कर्मचारीलाई अन्य जिल्लामा पदस्थापन गर्न माग गरेको छ ।

अभियानले वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका सचिव राजीव कुमार झालाई अन्तिम ज्ञापनपत्र बुझाउँदै सरुवामा सबै कर्मचारीका लागि समान मापदण्ड अपनाउन आग्रह गरेको हो। राजनीतिक पहुँच र व्यक्तिगत स्वार्थका कारण सरुवा निर्णय प्रभावित हुने गरेको आशंका व्यक्त गर्दै अभियानले यस्तो प्रवृत्ति अन्त्य गर्नुपर्नेमा जोड दिएको छ ।

अभियानका अनुसार वन रक्षक तहका केही कर्मचारीको सरुवा भए पनि अन्य पदमा कार्यरत कर्मचारीको हकमा प्रक्रिया पूर्ण रूपमा पारदर्शी हुन सकेको छैन। मन्त्रालयले तय गरेका मापदण्ड सबै कर्मचारीमाथि समान रूपमा लागू नभएको भन्दै अभियानले सरुवा रोकिएका कर्मचारीको अवस्था र त्यसको आधारबारे स्पष्ट जानकारी माग गरेको छ ।

लामो समयदेखि एउटै जिल्ला वा कार्यक्षेत्रमा कार्यरत कर्मचारीलाई आवश्यकताअनुसार अन्य जिल्लामा खटाउनुपर्ने अभियानको माग छ। सरुवाका निर्णय निष्पक्ष र वस्तुनिष्ठ बनाउन तथा प्रक्रियामा देखिएका कमजोरी सुधार गर्न पनि उसले मन्त्रालयको ध्यानाकर्षण गराएको छ ।

महिला र नयाँ नियुक्त कर्मचारीमाथि विभेद भएको भनिएको विषयलाई सम्बोधन गर्नुपर्ने उल्लेख गर्दै अभियानले कर्मचारीले सम्मानजनक वातावरणमा काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्न आग्रह गरेको छ। सरुवा आदेश जारी भइसकेपछि पनि कर्मचारीलाई पुनः पुरानै कार्यालय वा जिल्लामा फर्काएर पदस्थापन गर्ने अभ्यासले प्रशासनिक निष्पक्षतामाथि प्रश्न उठाएको अभियानको दाबी छ ।



त्यसैगरी, स्थानीय स्वार्थ समूह र वनसम्बन्धी अवैध गतिविधिमा संलग्न समूहको प्रभावले सरुवा प्रक्रिया प्रभावित भएको हुन सक्ने आशंका अभियानले जनाएको छ। यद्यपि, यी आरोपबारे सम्बन्धित पक्षबाट पुष्टि भएको विवरण सार्वजनिक गरिएको छैन ।

आफ्ना माग सम्बोधन नभए र सरुवा प्रक्रियामा देखिएका भनिएका अनियमितताबारे मन्त्रालयले स्पष्ट जवाफ नदिए सार्वजनिक रूपमा विषय उठान गर्दै आन्दोलनमा जाने अभियानले चेतावनी दिएको छ ।

यस विषयमा मन्त्रालयका सचिव झाले सरुवा हुन बाँकी कर्मचारीको प्रक्रिया मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सहमति लिएर अघि बढाइने बताएका छन्। सरुवा भइसकेका कर्मचारीलाई भने तोकिएको कार्यस्थलमा जान उनले आग्रह गरेका छन् ।

सरुवा आदेशअनुसार नयाँ कार्यस्थलमा उपस्थित नभए सम्बन्धित कर्मचारीमाथि कारबाहीको प्रक्रिया अघि बढाइने सचिव झाको भनाइ छ । अभियानले बुझाएको ज्ञापनपत्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, कृषि, वन तथा वातावरण मन्त्रालय तथा मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत बोधार्थ जनाएको छ ।

वन कर्मचारीको सरुवासम्बन्धी विवादले प्रदेशको वन प्रशासनमा पारदर्शिता, समान अवसर र कर्मचारी व्यवस्थापनका मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन भए-नभएको विषय पुनः चर्चामा आएको छ ।

# कांग्रेसको प्रदेश र जिल्ला अधिवेशन मंसिरमा हुने



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसको जिल्ला र प्रदेश अधिवेशन आउँदो मंसिर महिनामा हुने भएको छ । नवनिर्वाचित महामन्त्री उदयशमशेर राणाले गर्न बाँकी जिल्ला र प्रदेश अधिवेशन मंसिर मसान्तसम्म गरिसक्ने तर, मिति केन्द्रीय कार्यसमितिको बैठकबाट टुँगो लगाउने जनाएको छ ।

'बाँकी रहेका जिल्ला र प्रदेश अधिवेशन मङ्सिरमा गरिसक्छौं । मिति भने टुङ्गो लागेको छैन,' महामन्त्री राणाले भने,' भोलि (बिहीबार) नवनिर्वाचित केन्द्रीय कार्यसमितिको शपथ छ । शपथपछि केन्द्रीय कार्यसमितिको बैठक बसेर मिति तय गर्छौं । त्यो छठ पछि लगत्तै पनि हुन सक्छ । मङ्सिरको अन्तिममा पनि हुन सक्छ । केन्द्रीय समितिको बैठकबाट निर्णय हुन्छ ।'

गत असोज १८ देखि २३ गतेसम्म १५ औं महाधिवेशन गरेको कांग्रेसले त्यो बेला जिल्ला र प्रदेश अधिवेशन बाँकी राखेर मातहतका अरू अधिवेशन मात्रै गरेको थियो । वडा, पालिका, प्रदेश सभा क्षेत्र र प्रतिनिधि सभा क्षेत्रको अधिवेशन गरेर सिधै केन्द्रीय महाधिवेशन गरिएको थियो ।

केन्द्रको महाधिवेशनका लागि आवश्यक पर्ने अधिवेशन गरेर नपर्ने अधिवेशनलाई समयको चापका कारण कांग्रेसले महाधिवेशन पछिका लागि राखेको थियो । एउटा निर्वाचन क्षेत्र भएका ३५ जिल्लामा जिल्ला अधिवेशन भइसकेको छ भने बाँकी ४२ जिल्लामा अधिवेशन गर्न बाँकी छ । निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि छानिने भएकाले एउटा निर्वाचन क्षेत्र भएका जिल्लामा अधिवेशन गरिएको हो ।

केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव अधिवक्ता राजु कटुवालले नवनिर्वाचित केन्द्रीय समितिले जिल्ला र प्रदेश अधिवेशनको मिति तय गर्ने जानकारी दिए । तर अधिवेशनको समय मंसिरभन्दा अगाडि नजाने उनले भने ।

# नेपालतर्फ आउँदै 'अर्नब' चक्रवात, उच्च सर्तकता अपनाउन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । जल तथा मौसम विज्ञान विभागले बंगालको खाडीमा विकसित भएको चक्रवात 'अर्नब' को प्रभावका कारण नेपालका विभिन्न भूभागमा भारीदेखि अति भारी वर्षा हुनसक्ने भन्दै उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ ।

हाल भारतको आन्ध्र प्रदेश र यानम आसपासको तटीय क्षेत्रबाट जमिनतर्फ प्रवेश गरिरहेको उक्त चक्रवात कमजोर बन्दै नेपाल नजिकको भारतीय भूभागसम्म आइपुग्ने भएकाले आगामी शनिबारसम्म मौसम प्रतिकूल रहने पूर्वानुमान गरिएको छ । विभाग अन्तर्गत मौसम पूर्वानुमान महाशाखाकी मौसमविद् बिनु महर्जनका अनुसार हाल उक्त मौसमी प्रणाली आन्ध्र प्रदेशको समुद्री तटीय क्षेत्र आसपास केन्द्रित रहेको छ ।

चक्रवात बुधवार दिउँसोसम्ममा पूर्ण रूपमा जमिनमा प्रवेश गर्ने क्रममा रहेको र त्यसको आंशिक प्रभाव नेपालमा पनि देखिन थालिसकेको उनले जानकारी दिइन् । हाल नेपालको लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बादल लागेको तथा बिहानीपख लुम्बिनी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षासमेत भइसकेको छ ।



चक्रवातको आगामी गतिबारे स्पष्ट पार्दै मौसमविद् महर्जनले प्रणाली जमिनमा प्रवेश गरेपछि क्रमशः कमजोर बन्दै भारतको आन्तरिक भूभाग हुँदै अघि बढ्ने बताइन् । उनका अनुसार आगामी कात्तिक १३ गतेसम्ममा यो प्रणाली नेपाल नजिक पर्ने भारतको उत्तर प्रदेश र बिहारको आसपास आइपुग्नेछ । कमजोर अवस्थामा आइपुगे पनि यसको असरले नेपालभर मौसममा व्यापक फेरबदल ल्याउने देखिएको छ ।

उक्त चक्रवातका कारण आज देशभर मौसम बदली रहने र कोशी, मधेस, बागमती, गण्डकी तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना छ । भोलिदेखि शनिबारसम्म भने वर्षाको मात्रा र दायरा निकै फराकिलो बन्ने महाशाखाले जनाएको छ ।

विशेष गरी कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनीसहित कर्णाली र सुदूरपश्चिमका हिमाली भूभागका अधिकांश स्थान (७० देखि १०० प्रतिशत क्षेत्र) मा मध्यम वर्षा हुनेछ । त्यस्तै कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई भूभागका करिब ७० प्रतिशत स्थानमा मध्यम वर्षाको आकलन गरिएको छ ।

## यी क्षेत्रहरूमा हाई अलर्ट

यस अवधिमा कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षा हुनसक्ने देखिएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा पनि भारी वर्षाको सम्भावना छ । साथै कर्णाली र सुदूरपश्चिममा पश्चिमी वायुको समेत दोहोरो प्रभाव रहने भएकाले मेघगर्जन र चट्याङसहित असिनापानी पर्न सक्ने जोखिम महाशाखाले जनाएको छ ।

मौसम प्रणालीको सम्भावित जोखिमलाई मध्यनजर गर्दै महाशाखाले आइतबार बिहानसम्मका लागि चेतावनी नक्सा जारी गरेको छ । जसअनुसार कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भूभागमा रातो रङ (रेड अलर्ट) जारी गरेर सम्भावित विपद्को प्रतिकार्यमा जुट्न आह्वान गरिएको छ ।

यसैगरी कोशीको पहाड, मधेस, बागमती र गण्डकीको पहाड तथा तराई, लुम्बिनीको पहाड र पूर्वी तराई तथा कर्णाली र सुदूरपश्चिमका हिमाली भूभागमा सुन्तला रङ (अरेन्ज अलर्ट) मार्फत सतर्क रहन र मौसमी सूचनाबारे अद्यावधिक हुन सुझाइएको छ। बाँकी भूभागहरूमा पहेँलो रङ अंकित गरी सचेत रहन आग्रह गरिएको छ ।

# आर्थिक विकासका लागि समझदारीपत्रमा हस्ताक्षर

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस कृषि विश्वविद्यालय र पिस कोर नेपालबिच कृषि अनुसन्धान, पर्यटन तथा सूचना प्रविधिको माध्यमबाट आर्थिक विकास र प्रवर्द्धन गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

राजविराजमा आयोजित एक कार्यक्रमका बीच समझदारीपत्रमा मधेस कृषि विश्वविद्यालयका उपकुलपति वैद्यनाथ महतो र पिस कोर नेपालका राष्ट्रिय निर्देशक डा. किम्याह नजिउल्लाहले हस्ताक्षर भएको हो ।

सो सहकार्यले कृषि अनुसन्धानलाई व्यवहारमा उतार्न, कृषक समुदायसम्म आधुनिक प्रविधिको पहुँच विस्तार गर्न तथा प्रदेशको आर्थिक विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले यस सहकार्यबाट मधेस कृषि विश्वविद्यालयलाई जलवायु परिवर्तनका चुनौती सामना गर्न सक्ने कृषि प्रणाली, बाली विविधीकरण, पशुपालन, मत्स्य विकास तथा खाद्य सुरक्षासहितका क्षेत्रमा स्थानीय आवश्यकतामा आधारित व्यावहारिक अनुसन्धान गर्ने अग्रणी



राष्ट्रिय केन्द्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । उनले भने, 'विश्वविद्यालयको अनुसन्धान र प्राविधिक ज्ञानलाई कृषक समुदाय तथा विद्यालयहरूसम्म विस्तार गरी नयाँ खोज, नवीन प्रविधि र अनुसन्धानका उपलब्धिलाई खेतबारीसम्म पुऱ्याउनु आजको आवश्यकता हो, अनुसन्धानलाई व्यवहारमा रूपान्तरण गर्न सके मात्रै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिन्छ ।'

अर्थमन्त्री भट्टराईले मधेस कृषि विश्वविद्यालय र पिस कोर नेपालबिचको सहकार्य कागजी सम्झौतामा मात्र सीमित हुन नहुने बताउँदै आपसी सहकार्यबाट कृषि उद्यमशीलता वृद्धि, कृषक परिवारको आयआर्जनमा सुधार, पोषणको स्तरमा उन्नति तथा कृषि क्षेत्रमा युवाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुने गरी परिणाममुखी काम गर्नुपर्ने बताए ।

सहकार्यको प्रभाव अनुसन्धान, कृषि उत्पादन, कृषकको जीवनस्तर र युवाहरूका लागि सिर्जना हुने उद्यमशीलताका अवसरहरूमा देखिनु पर्नेमा जोड दिँदै अर्थमन्त्री भट्टराईले यसका लागि दुवै संस्थाबिच प्रभावकारी समन्वय, पारदर्शिता र स्थानीय आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन आवश्यक रहेको बताए ।

मधेस प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान रहेकाले आधुनिक अनुसन्धान, प्रविधि हस्तान्तरण र संस्थागत सहकार्यलाई प्राथमिकता यो समझदारीले विश्वविद्यालयको प्राज्ञिक क्षमता र पिस कोर नेपालको अनुभवलाई उपयोग गर्न सके कृषि क्षेत्रको आधुनिकीकरण, स्थानीय स्रोतसाधनको सदुपयोग तथा आर्थिक विकासमा थप सहयोग पुग्ने विश्वास लिइएको छ ।

# क्रिश्चियन धर्म प्रचार गरेको आरोपमा १० विदेशी पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डू। काठमाडौं। पर्यटक भिसामा नेपाल आएर धार्मिक प्रचारमा संलग्न भएको आरोपमा १० जना विदेशी नागरिकमाथि अध्यागमनसम्बन्धी कारबाही प्रक्रिया अघि बढाइएको छ । पक्राउ परेकाहरूमा पाँच अमेरिकी, तीन ब्राजिलियन र दुई क्यानडेली नागरिक रहेको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

मोरङको कानेपोखरी गाउँपालिका-७, बरगाछीमा 'मर्सी डेभलपमेन्ट' नामक संस्थाले सञ्चालन गरेको स्वास्थ्य शिविरमा आवश्यक अनुमति नलिई विदेशी चिकित्सक तथा अन्य नागरिक सहभागी भएको आरोप लागेको छ ।

पर्यटक भिसामा आएका विदेशीहरू स्वास्थ्य सेवासँगै क्रिश्चियन धर्म प्रचारसम्बन्धी गतिविधिमा संलग्न रहेको आशंकापछि उनीहरूका कागजात नियन्त्रणमा लिएर अध्यागमन विभाग पठाइएको सचिवालयले जनाएको छ । गृहमन्त्रीको सचिवालयले बुधबार जारी गरेको



प्रेस नोटअनुसार विदेशी नागरिक अनुगमन जिल्ला समितिको निर्णयका आधारमा उनीहरूका राहदानी आवश्यक कारबाहीका लागि विभागमा पठाइएको हो । बरगाछीमा गत कात्तिक ८ गतेदेखि चार दिनसम्म सञ्चालन गर्ने योजनासहित स्वास्थ्य शिविर सुरु गरिएको थियो ।

शिविरमा १० जना विदेशी नागरिकसमेत सहभागी थिए। यसको तयारी पास्टर पावेल दंगालले गरेको सचिवालयको भनाइ छ। स्थानीयस्तरमा अस्पताल निर्माण गर्ने उद्देश्यले प्रयोग गर्ने भनिएको जग्गामा यसअघि पास्टर बाङदेलले क्रिश्चियन धार्मिक कक्षा सञ्चालन गर्दै आएको पनि प्रेस नोटमा उल्लेख छ ।

स्थानीय किराना व्यवसायी नवराज श्रेष्ठले अस्पताल निर्माण गर्ने उद्देश्यसहित तीन कट्ठा जग्गामा छवटा साना-ठूला भवन बनाएका थिए। तर, ती भवन पछिल्लो समय धार्मिक गतिविधि तथा विभिन्न कार्यक्रमका लागि प्रयोग हुन थालेपछि स्थानीयस्तरमा विवाद उत्पन्न भएको जनाइएको छ।

विवाद साम्य पार्ने उद्देश्यले श्रेष्ठले स्वास्थ्य शिविर आयोजना गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ। उक्त स्थानमा हाल दुई जना पास्टर र केही सिलाइकटाइ प्रशिक्षक बस्दै आएको जानकारी पनि सचिवालयले दिएको छ ।

पक्राउ परेका विदेशी नागरिक सन् २०२६ अक्टोबर २२ र २३ मा नेपाल प्रवेश गरेको विवरण सार्वजनिक गरिएको छ। उनीहरूको भिसा नोभेम्बर ६ देखि २१ सम्म म्याद रहेको देखिएको सचिवालयले जनाएको छ ।

पर्यटक भिसामा आएका विदेशी नागरिकले आवश्यक सरकारी अनुमति नलिई स्वास्थ्य शिविर सञ्चालन गरेको र धार्मिक गतिविधिमा संलग्न भएको आरोपबारे सम्बन्धित निकायले अनुसन्धान तथा थप कारबाहीको प्रक्रिया अघि बढाएको छ ।

यस घटनाले पर्यटक भिसामा नेपाल आउने विदेशी नागरिकको गतिविधि, स्वास्थ्य शिविर सञ्चालनका लागि आवश्यक अनुमति र धार्मिक गतिविधिको नियमनसम्बन्धी विषयलाई पुनः चर्चामा ल्याएको छ ।

# फरार ८ जना प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको सजाय तोकिएपछि फरार रहेका आठ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी कार्यालय तथा मातहतका इकाइबाट खटिएको टोलीले खोजतलास र आवश्यक समन्वय गरी उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

पक्राउ परेका प्रतिवादीहरू वनपैदावर चोरी, लागुऔषध, चोरी तथा सवारी अंगभंगसम्बन्धी मुद्दाका रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये वनपैदावर चोरीसम्बन्धी मुद्दाका दुई जना, लागुऔषधसम्बन्धी मुद्दाका दुई जना, सवारी अंगभंगसम्बन्धी मुद्दाका तीन जना र चोरीसम्बन्धी मुद्दाका एक जना रहेका छन् ।

धनुषा जिल्ला अदालतबाट फैसला कार्यान्वयनका क्रममा उनीहरूलाई विभिन्न अवधिको कैद तथा जरिवानाको सजाय तोकिएको थियो । प्रहरीले पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पेस गरेको जनाएको छ ।

# गाँजासहित दुई महिला पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । लागुऔषध गाँजासहित धनुषामा दुईजना महिला पक्राउ परेकी छिन् । जिल्ला प्रहरी कार्यालय धनुषाका पक्राउ



पर्नेमा शहीदनगर नगरपालिका-१ भगवन टोलकी करिब ४० वर्षीया प्रमिला देवी मण्डल र सबैला नगरपालिका-१३ किरतपुर निवासी करिब ४५ वर्षीया फुलो देवी ठाकुर रहेकी छिन् ।

मण्डल र ठाकुर दुवै महिला आफ्नै घरमा गाँजा बिक्री वितरण गर्ने गरेको आरोपमा पक्राउ परेको हो । विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय सबैलाबाट खटिएको प्रहरी टोलीले मण्डलको घरमा खानतलासी गर्दा २ किलो ४७० ग्राम गाँजा बरामद गरेको प्रहरीले जनाएको छ ।

ठाकुरले आफ्नै घरमा लागुऔषध गाँजा बिक्री वितरण गर्ने गरेको विशेष सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय सबैलाबाट खटिएको प्रहरी टोलीले उनको घरमा खानतलासी गरेको थियो । सो क्रममा घरबाट २ किलो ७८० ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

बरामद गाँजासहित नियन्त्रणमा लिइएकी ठाकुरमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८